## बैठक संख्या: १३

आज मिति २०७७/०१/०७ गते कास्कीका प्रमुख जिल्ला अधिकारी श्री ज्ञान प्रसाद ढकालज्यूको संयोजकत्वमा देहायको उपस्थितिमा **Covid-19 Crisis Management Center (CCMC)** जिल्लागत संरचनाको बैठक वसी निम्नानुसार निर्णय गरियो ।

<u>उपस्थिति :</u>

| | | | |
|---|---|---|---|
| श्री ज्ञान प्रसाद ढकाल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय कास्की | संयोजक |
| श्री मनोज थापा | सेनानी | नेपाली सेना, भगवती दल गण | सदस्य |
| श्री दान बहादुर कार्की | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, कास्की | सदस्य |
| श्री प्रेम ध्वज शाह | सशस्त्र प्रहरी उपरीक्षक | श्री नं २४ सशस्त्र प्रहरी कालिका गण कास्की | सदस्य |
| श्री भूमी पाठक | उप अनुसन्धान निर्देशक | राष्ट्रिय अनुसन्धान विभाग जिल्ला कार्यालय, कास्की | सदस्य |
| श्री नवराज बराल | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समिति, कास्की | सदस्य |
| श्री | अधिकृत प्रतिनिधि | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | सदस्य |
| श्री नानीबाबु दानी | अधिकृत प्रतिनिधि | स्वास्थ्य निर्देशनालय, कास्की | सदस्य |
| श्री वावुराम आचार्य | प्रमुख | स्वास्थ्य कार्यालय, कास्की | सदस्य |

<u>आमन्त्रित:</u>

| | | |
|---|---|---|
| श्री डोलराज पाण्डे | सभापति | नेपाल रेडक्रस सोसाइटी कास्की |
| श्री श्रीनाथ पौडेल | स.प्र.जि.अ | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री गुरुदत्त ढकाल | स.प्र.जि.अ | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री भरतराज पौडेल | अधिकृत प्रतिनिधी | पोखरा महानगरपालिका |
| श्री लिला वल्लभ न्यौपाने | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय कास्की |
| श्री लक्ष्मण बराल | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय कास्की |
| श्री माधव ढकाल | प्र॰ना॰उ॰ | नया प्रदेश कार्यालय पोखरा - |

# बैठक संख्या: १३

निर्णयहरु :

१. कास्की जिल्ला स्थित विभिन्न स्थानीय तहहरुले व्यवस्था गरेका र आवश्यक पर्दा उपयोगी गर्न सकिने क्वारेन्टाइन कक्षहरुको क्षमताको संख्यात्मक विवरण देहाय बमोजिम रहेको ।

| कास्की जिल्लाका स्थानीय तहमा सञ्चालित Quarantine कक्षहरुको क्षमताको संख्यात्मक विवरण । | | | | | |
|---|---|---|---|---|---|
| सि.नं | स्थानीय तहको नाम | Quarantine क्षमता | Quarantine मा बसेकाको संख्या | | |
| | | | महिला | पुरुष | जम्मा |
| १. | पोखरा महानगरपालिका | १४८ | - | ५ | ५ |
| २. | अन्नपूर्ण गाउँपालिका | २०५ | - | - | - |
| ३. | माछापुच्छ्रे गाउँपालिका | १३ | - | - | - |
| ४. | मादी गाँउपालिका | १० | - | - | - |
| ५. | रुपा गाँउपालिका | २५ | - | - | - |
| | जम्मा | ४०१ | ० | ५ | ५ |

२. नेपाल बाहिरबाट आई कास्की जिल्लाका विभिन्न स्थानीय तहहरुमा बसोबास गर्दै आएका (१४ देखि २१ दिनभित्र बसाई अवधि रहेका) व्यक्तिहरुको COVID-19 को Rapid Diagnostic Test गर्ने कार्य मिति २०७६।१२।२८ देखि प्रारम्भ भएको । मिति २०७७।०१।०७ मा गरिएको **RDT** को विस्तृत विवरण देहाय बमोजिम रहेको ।

**जिल्ला कास्की (Rapid Diagnostic Test : मिति २०७७।०१।०७ सम्मको विवरण)**

| क्र.सं. | परीक्षण भएको स्थानीय तह | संकलित नमूना संख्या | Non-Reactive (संख्या) | Reactive (संख्या) | नतिजा आउन बाँकि | हाल सम्म संकलित कुल नमूना संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७७।१।७ | | | | २०७७।१।६ सम्म | कुल जम्मा | |
| १ | पोखरा म.न.पा. | २९ | २९ | - | - | ४६८ | ४९७ | हाल सम्म संकलित सबै नमूना परिक्षणको नतिजा Non Reactive देखिएको । |
| २ | मादी गा.पा. | ० | ० | - | - | ४ | ४ | |
| ३ | अन्नपूर्ण गा.पा. | ० | ० | - | - | २ | २ | |
| ४ | रुपा गा.पा. | ० | ० | - | - | २६ | २६ | |
| ५ | माछापुच्छ्रे गा.पा. | ० | ० | - | - | ८ | ८ | |
| | जम्मा | २९ | २९ | - | - | ५०८ | ५३७ | |

३. कास्की जिल्लामा रहेका मानिसहरुको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानले गरेको कोरोना भाइरस (कोभिड-१९) को मिति २०७७।०१।०७ सम्मको नमूना संकलन तथा सो को **PCR Test** को नजिता देहाय बमोजिम रहेको ।

| मिति | संकलित नमूना संख्या | नेगेटिभ (संख्या) | पोजेटिभ (संख्या) | नतिजा आउन बाँकी (संख्या) | कैफियत |
|---|---|---|---|---|---|
| २०७७।०१।०७ सम्म | १३६ | १३२ | - | ४ | - |

४. मिति २०७७।०१।०५ गतेको प्रदेश स्तरिय CCMC बैठकको निर्णयहरु बैठकमा प्रस्तुत भइ छलफल हुँदा देहाय अनुसार गर्ने निर्णय गरियो ।

क. कास्की जिल्ला भित्र अन्य जिल्लावाट प्रवेश गर्ने अनाधिकृत व्यक्तिहरुलाई नाकावाटै फिर्ता पठाउने र निजहरुलाई क्वारेन्टाइनमा राख्ने व्यवस्थाको समन्वयका लागि सम्वन्धित जिल्ला प्रशासन कार्यालय र स्थानीय तहहरुलाई अनुरोध गर्ने।

ख. कास्की जिल्ला भित्रका एक स्थानीय तहवाट अर्को स्थानीय तहमा हुन सक्ने आवतजावतलाई नियन्त्रण गरी सम्वन्धित स्थानीय तहमा नै क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउन सवै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

## वैठक संख्या: १३

ग. कास्की जिल्ला भित्रका स्थानीय तहहरुवाट भइरहेको राहत वितरण कार्यहरुलाई एकद्वार प्रणाली मार्फत वितरण गर्न तथा राहत वितरणमा असंगठित क्षेत्रका मजदुर, श्रमजिवि वर्ग र न्यून आय भएका व्यक्तिहरुलाइ निश्पक्ष रुपमा वितरणका लागि प्राथमिकिकरण गर्ने व्यवस्थाका लागि सवै स्थानीय तहहरुलाइ अनुरोध गर्ने ।

घ. स्थानीय तहहरुवाट व्यवस्था भएका क्वारेन्टाइन गृहहरुलाइ मापदण्ड अनुसार वनाउन स्थानीय तहहरुलाई तथा आईसोलेशनका लागि तयार पारिएका कक्षहरुलाई कोभिड क्लिनिकका लागि उपयोग गर्न **पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, मनिपाल कलेज अफ मेडिकल साइन्स र गण्डकी मेडिकल कलेज** लाई अनुरोध गर्ने ।

ङ. Rapid Diagnostic Test (RDT) वाट परिक्षण गरिएका व्यक्तिहरुको Polymerase Chain Reaction (PCR) परिक्षणमा Positive देखिन सक्ने भएकोले त्यस्ता व्यक्तिहरुलाइ २८ दिन सम्म क्वारेन्टाईनमा राख्ने वा घर मै क्वारेन्टाइनमा वस्ने व्यवस्था सम्वन्धित स्थानीय तहहरुले मिलाउने तथा यस सम्वन्धी कार्यका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा स्वास्थ्य कार्यालय कास्कीले आवश्यक समन्वय गर्ने ।

च. जिल्ला भित्रका सम्पूर्ण सरकारी, गैह्र सरकारी, निजी, सामुदायिक क्षेत्र तथा मेडिकल कलेज र प्रतिष्ठानवाट सञ्चालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा स्वास्थ्य संस्थावाट ओपिडी सेवा बाहेकका आकस्मिक तथा गम्भिर प्रकारका सेवाहरु अत्यावश्यक एवं आधारभूत सेवाहरु र सो सँग सम्बन्धित सबै निरोधात्मक सेवाहरु सूचारु गराउन सबै स्वास्थ्य संस्थाहरुलाई निर्देशन दिने र सो को आवश्यकता अनुसार अनुगमन गर्ने ।

छ. कास्की जिल्लाका विभिन्न नाकाहरुवाट जिल्ला प्रवेश गर्ने मानिसहरुलाई Disinfection Tunnel को माध्यमले Disinfection गर्ने, विभिन्न सवारी साधनहरुलाई Disinfection गर्न स्प्रे लगायत सवारीका टायर सफा गर्ने उपयुक्त व्यवस्था मिलाउन पोखरा म.न.पा.लाई अनुरोध गर्ने र चालक, सहचालकहरुको RDT Test गर्न हाल RDT Kits पर्याप्त रहेको नपाईएकोले RDT Kits र PPE लगाएतका सामाग्रीहरु उपलब्ध गराउन गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयलाई अनुरोध गर्ने ।यस सम्वन्धी आवश्यक समन्वय स्वास्थ्य कार्यालय कास्कीले गर्ने ।

५. गृह मन्त्रालयको च.नं. ३५८७ मिति २०७७।१।७ मा प्राप्त पत्र बैठकमा प्रस्तुत भई छलफल भयो । कास्की जिल्ला भित्र सामाजिक सद्भावमा प्रतिकुल असर पर्न नदिन यस जिल्ला भित्रका धार्मिक अगुवाहरुसंग नियमित सम्पर्क गर्ने र सद्भाव खलबलाउन सक्ने सूचना तथा समाचार प्रवाह नगर्न स्थानीय सञ्चार माध्यमहरुलाई अनुरोध गर्ने ।

६. कास्की जिल्लामा अत्यावश्यक वस्तु तथा सेवाहरुको (खाद्यान्न, औषधि लगायत अन्य दैनिक उपभोग्य वस्तुहरु) उपलब्धता, मौज्दात र विक्रि वितरणको अवस्थाको सन्दर्भमा जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय समेतको प्रतिनिधिहरुको सहभागितामा बजार अनुगमन गरियो ।

७. जिल्लास्थित स्थानीय तहहरुमार्फत मिति २०७७।०१।०७ सम्म वितरण गरिएको राहतको विवरण देहाय बमोजिम रहेको ।

| कास्की जिल्लाका स्थानीय तहहरु मार्फत वितरण भएको राहतको विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं | स्थानीय तहको नाम | घर परिवार संख्या | वितरित राहत प्याकेजको विस्तृत विवरण | | | | | | |
| | | | चामल (के.जी) | दाल (के.जी) | नुन (के.जी) | तेल (लि.) | चिनी (के.जी) | केराउ (के.जी) | अन्य |
| १. | पोखरा म.न.पा. | ३००११ | ७५९३०० | ६०७४४ | ४०३१८ | ३०३७२ | - | ३०३७२ | - |
| २. | अन्नपूर्ण गा.पा. | वडास्तरमा तथ्याङ्क संकलन र आवश्यक राहत सामग्री व्यवस्थापन गरी तयारी अवस्थामा रहेको साथै गाउँपालिकाभित्र राहत प्राप्त गर्ने लाभग्राहीको संख्या करिब ५०० जना रहेको प्रारम्भिक तथ्याङ्क प्राप्त भएको । | | | | | | | |
| ३. | माछापुच्छ्रे गा.पा. | ६८५ | १७४६० | १३३० | ६८५ | ६८५ | - | - | साबुन १ गोटा<br>मसला १ पोका<br>बेसार १ पोका |
| ४. | मादी गा.पा. | ७६० | १९००० | ७६० | ७६० | - | ७६० | - | - |
| ५. | रुपा गा.पा. | ३६७ | ६६२५ | ५५९ | ३९८ | ३२५ | - | - | - |
| | जम्मा | ३१८२३ | ८०२३८५ | ६३३९३ | ४२४६१ | ३१३८२ | ७६० | ३०३७२ | - |

८. कास्की जिल्लामा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण व्यवस्थापनका लागि जारी भएका आदेश तथा निर्देशनहरुको परिपालना एवं कार्यान्वयनको स्थितिको समिक्षा गरियो ।

2066/9/6